**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 20.03.2026**

## अन्तर्राष्ट्रिय चलचित्र महोत्सव, 2026 को दोस्रो दिन चिन्तन भवनमा प्यानल छलफलबाट शुरू

आज सिक्किम सरकारको सूचना तथा जनसम्पर्क विभागले सूचना तथा प्रसारण मन्त्रालय र राष्ट्रिय चलचित्र विकास निगम (एनएफडीसी) सँगको सहकार्यमा आयोजना गरेको सिक्किम अन्तर्राष्ट्रिय चलचित्र महोत्सव २०२६ को आज दोस्रो दिन हो। यो २२ मार्चसम्म जारी रहनेछ। "Building the Future: Strengthening Films in Sikkim" अर्थात् "भविष्य निर्माणः सिक्किममा चलचित्रहरूको सुदृढीकरण" शीर्षक भएको पहिलो प्यानल छलफलमा सिनेमालाई कलाको रूपमा र फिल्म उद्योगले सामना गर्ने मानव संसाधनको बाधाहरूको बारेमा छलफल गरिएको थियो।

वक्ताहरूले सिनेमाको आधारभूत ज्ञानको आवश्यकता र, फिल्म निर्माणमा टिमवर्कको महत्त्वमा पनि जोड दिए साथै यस क्षेत्रमा बढ्दो योगदानको लागि पूर्वोत्तरका उदीयमान कलाकारहरूको प्रशंसा गरे।

## गान्तोकमा आयोजित PFRDA कार्यक्रम

भारतीय वाणिज्य संघले पेन्सन कोष नियामक तथा विकास प्राधिकरण सँगको सहकार्यमा आज गान्तोकमा "रिटायर स्मार्ट इन्डिया - राष्ट्रिय पेंशन प्रणाली जागरूकता कार्यक्रम" सम्बन्धी अन्तरक्रियात्मक सत्र सफलतापूर्वक आयोजना गर्यो। यो सत्र गैर-सरकारी क्षेत्रहरूमा वित्तीय सुरक्षा र अवकाश योजनालाई प्रवर्धन गर्न पूर्वोत्तर भारतभरि निरन्तर जागरूकता पहलहरूको श्रृंखलाको एक भाग हो। गान्तोकका MSME विकास तथा सुविधा कार्यालयका सहायक निर्देशक निर्मल चौधरीले MSME क्षेत्रलाई केन्द्रित गर्दै भेलालाई सम्बोधन गरे। श्री चौधरीले व्यावसायिक अनिश्चितता र पुनर्लगानी प्राथमिकताहरूका कारण MSME उद्यमीहरूमा प्रायः संरचित अवकाश योजनाको अभाव हुने कुरामा जोड दिए।

## गान्तोक मौसम रिपोर्ट

मार्चसम्म मौसम केन्द्रले आजदेखि २२ सिक्किमभरि व्यापक वर्षा र मेघगर्जनसहितको वर्षाको पूर्वानुमान गरेको छ। गान्तोक, गेजिंग, नाम्ची, पाकिम र सोरेङ लगायतका जिल्लाहरूमा हल्कादेखि मध्यम वर्षा हुने अनुमान गरिएको छ भने मङ्गनको माथिल्लो भागमा हिमपातसँगै वर्षा हुन सक्छ। orange र yellow चेतावनी जारी गरिएको छ, जसमा 30 देखि 40 किलोमिटर प्रतिघण्टाको गतिमा बिजुली, असिना र हावाहुरी चल्ने सम्भावना छ। अधिकारीहरूले पहिरो, अचानक बाढी र पानी जम्ने चेतावनी दिएका छन्। बासिन्दाहरूलाई सतर्क रहन, जोखिमपूर्ण क्षेत्रहरूबाट बच्न र यस अवधिमा आधिकारिक सल्लाहहरू पालना गर्न सल्लाह दिइएको छ।

## सिक्किमले मोटोपनमाथि चिन्ता व्यक्त गर्यो

नयाँ दिल्लीमा आयोजित दोस्रो राष्ट्रिय मोटोपन शिखर सम्मेलन 2026 ले भारतमा मोटोपनको बढ्दो प्रचलनप्रति चिन्ता व्यक्त गर्यो। सिक्किममा पनि यसमा निक्कै वृद्धि भएको छ। सिक्किम सरकारका स्वास्थ्यमन्त्री जी.टी. ढुंगेलले राष्ट्रिय परिवार स्वास्थ्य सर्वेक्षणको तथ्याङ्क उद्धृत गर्दै, भारतमा 24 प्रतिशत महिला र 23 प्रतिशत पुरुष मोटोपनबाट पीडित छन्, भन्नुभयो । उता सिक्किमले उल्लेखनीय रूपमा उच्च तथ्याङ्क रिपोर्ट गरेको छ, जसमा मोटोपनबाट 36.3 प्रतिशत महिला र 34.8 प्रतिशत पुरुष प्रभावित छन्।

## Content Creation

सामाजिक सञ्जाल सामग्री सिर्जना प्रशिक्षण कार्यक्रमको उद्घाटन पाक्योङ जिल्लाको पाक्योङ बजारको नाम्चेबोङमा आयोजना गरिएको थियो।

यो पहल सिक्किम इन्स्पायर्स कार्यक्रम अन्तर्गत पाक्योङ जिल्ला एकीकृत आर्थिक समावेशीकरण कार्य योजनाको एक प्रमुख भाग हो।

## नाम्चीः सारथी

नाम्ची जिल्लाका 30 आङ्गनवाडी कार्यकर्ताहरूको अन्तिम ब्याचको लागि सारथी १.० अन्तर्गत आज दक्षिण जिल्ला कार्यालय क्लब, नाम्चीमा एक दिने तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो।

सारथी सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङको नशा-मुक्त र मानसिक रूपमा स्वस्थ समाज निर्माण गर्ने दृष्टिकोणसँग मेल खाने एउटा पहल हो। यो कार्यक्रमको उद्देश्य, लागू-पदार्थको

दुरुपयोग कम गर्नु, मानसिक कल्याणलाई प्रवर्धन गर्नु र स्कूले बालबालिका र समुदायहरूमा नैतिक मूल्यमान्यताहरू जगाउनु हो।

**सिक्किम प्रदूषण नियन्त्रण बोर्ड**

राज्य प्रदूषण नियन्त्रण बोर्ड (SPCB), सिक्किमले प्लास्टिक फोहोर व्यवस्थापन नियम, 2016 अन्तर्गत एकल-प्रयोग प्लास्टिक (SUP) मा प्रतिबन्धको बारेमा जनचेतना र सचेतना कार्यक्रम आयोजना गर्यो, जसमा पछिल्ला संशोधनहरू पनि समावेश थिए।

कार्यक्रममा मङ्गन नगर पञ्चायत र SPCB-सिक्किमका कर्मचारीहरू सहित कुल 75 जना सहभागीहरू उपस्थित थिए।वातावरण संरक्षण र SUP-मुक्त सिक्किम बनाउने प्रतिबद्धताका साथ कार्यक्रम समापन भयो।